राजनीतिक संवाद

# म नेपाली कांग्रेसको संस्थापन पक्षको स्थायी विरोधी होइन :

*नेपाली कांग्रेसको बाह्रौं महाधिवेशनले गगन थापालाई पार्टी भित्र थप लोकप्रिय नेताको रूपमा स्थापित गराएको छ। सधैं पार्टी संस्थापन पक्षको विरोध गर्दै आफ्नो छवीलाई मजबुत बनाउदैं आएका युवा नेतालाई महाधिवेशनले उनी आफैलाई नै संस्थापन पक्षमा पुऱ्याइदिएको छ। प्रस्तुत छ : विरोध र असहमती जनाउँदै आइरहेका कुराहरूलाई अब पार्टीले कसरी सम्हालेर लैजान्छ र पार्टीको विस्थापित जनआधारलाई पार्टीले कसरी पुनःस्थापित गर्छ भन्ने जस्ता सवालमा गगन थापासँग काठमाडौं प्रतिनीधि जनकराज थपलियाले गरेको कुराकानीको अंश :-*



गगन थापा

**कांग्रेसको पछिल्लो महाधिवेशनमा सबैभन्दा बढि मत ल्याएर केन्द्रीय प्रतिनिधिमा विजयी हुनु भयो ? किन तपाईलाई यसरी विजयी बनाएका होलान् ?**

म कांग्रेसको केन्द्रीय सदस्यको प्रत्यासी थिए। मत माग्ने क्रममा मैले सर्वाधिक मत पाउनुपर्छ भनेर मागेको पनि थिइन। परिणाम आउदै गर्दा सर्वाधिक मत प्राप्त गरेको अवस्था आयो। जुन एउटै मात्रै कारणले यो मत अयो भन्ने मलाई लाग्दैन। यो थुप्रै कारणले गर्दा भएको हो। एउटा कारण कांग्रेसमा नयाँ मानिसहरूलाई मौका दिनुपर्छ भन्ने भावना थुप्रै प्रतिनिधिहरूमा देखिन्थ्यो। अर्को नेपाली कांग्रेसभित्र परिर्वतनको चाहना राख्नेहरूको उकुसमुकुसको स्थिति थियो। यही उकुसमुकुसको अभिव्यक्ति पनि होला। साथै भविष्यप्रतिको आशाको अभिव्यक्ति पनि हुनसक्छ। नेपाली राजनीतिमा पछिल्लो समयमा जुन प्रकारको काम गर्ने अवसर मैले पाएँ, त्यसलाई कदर गर्दै पनि कोही कोही मतदाताले मत दिए होलान्। फरकफरक मतदाताले फरक फरक कारणले मलाई मत हालेको पाएको छु।

**कांग्रेसमा वैचारीक धरातल कमजोर भएको हो ? अब, तपाई जस्तो प्रखर गणतन्त्रवादी पनि सबैभन्दा बढि मत ल्याएर जित्ने साथै अत्यधिक मत ल्याउनेमा प्रखर राजतन्त्रवादी पनि थिए। उनीहरूको पनि झण्डै प्यानल नै विजयी भएको थियो ?**

यसमा मैले तीनवटा आधारभूत कारणले यो घटना भइरहेको छ जस्तो देखेको छु। पहिलो गणतन्त्र, संघीयता, संविधान सभा जस्ता मुद्दाहरू हिजो परिर्वतनसँग जोडिएका विषय थिए। यी विषयहरू नेपाली कांग्रेसभित्र धेरै ठुलो विवाद र वहसको विषय अब छैन। यही अधारमा कांग्रेस भित्रको कुनै व्यक्तिले धारणा बनाउने अवस्था पनि छैन। बाहिर यसको ठुलो चर्चा भए पनि पार्टीभित्र यसको कुनै चर्चा छैन। दोस्रो, फरक फरक व्यक्तिले मतदानका क्रममा मतदान गर्दा फरक फरक आधार बनाएका हुँदा रहेछन। यस महाधिवेशनमा कार्यकर्ताहरूले प्रतिनिधि छनौट गर्दा, एकीकृत माओवादीले शान्ति सम्झौतापछि पनि नेपाली कांग्रेसका कार्यकर्ताहरूलाई निरन्तर एकप्रकारको तनाव दिइरहेको कारणले सुरक्षाको नारामा पनि ध्यान दिए जस्तो लाग्छ। यसकारण तपाईले भनेका जस्ता व्यक्तिले मत पाउने आधार त्यो व्यक्तिको अरू कुराहरू गौण हुँदै गए, तर कार्यकर्ताको सुरक्षाको विषयले थप महत्व पायो। यसलाई मैले पार्टीको वैचारिक स्खलन भएको भन्दिन। यस्तै तेस्रो कुरा, म आंशिक रूपमा तपाईको प्रश्नमा सहमत पनि छु नेपाली कांग्रेसको अधिवेशनमा जुन तहको वैचारिक छलफल हुनुपर्थ्यो त्यो भएन। अब पार्टीले लिने दिशा कुन हो, नेपालमा अल्मलिएको शान्ति प्रक्रियाका यावत कुराहरूमा कांग्रेसले स्पष्ट लिने बाटो कुन हो भनेर जुन तहको छलफल हुनुपर्थ्यो त्यो नभएको अवस्था हो। त्यो नहुँदा जुन तहवाट प्रतिवाद हुनुपर्थ्यो त्यो पनि नभएको स्थिति भने पक्कै हो। यसले हाम्रो पार्टीमा छलफल हुँदैन भन्ने आत्मसात गरेको जस्तो देखिन्छ। यो प्रवृत्ति बडो आत्मघाति प्रवृत्ति हुनसक्छ पार्टीका लागि।

**तपाईलाई अब गाह्रो भयो भनिन्छ नि, तपाईको अहिलेसम्मको राजनैतिक छवी पार्टी संस्थापन पक्षको विरोधको छवी थियो, अब आफै संस्थापन भएर बोल्नु पऱ्यो ?**

म नेपाली कांग्रेसको संस्थापन पक्षको स्थायी विरोधी होइन। मेरो राजनीतिक उद्देश्य भनेको संस्थापनको निरन्तर विरोध गरिराख्ने पनि होइन। आखिरमा कार्यान्वयन गर्ने सम्पूर्ण कुरा संस्थापनले नै हो। नेपाली कांग्रेस केन्द्रीय समितिले यो यो गर्नु पर्थ्यो, यो यो गरेनन् भन्ने कुरा मैले उठाउँदै आएको हुँ। आज अब आफू नै काम गर्ने ठाउँमा पुगेको छु। त्यसैले हिजो जे गर्नु पर्दथ्यो भन्ने लाग्थ्यो, अब पनि थप गुनासो गरेर केही अर्थ छैन। मेरो अगाडि सबैभन्दा ठूलो चुनौति हिजो जे गर्नु पर्छ भनेर कुरा उठाएँ, त्यो आफैले गर्न सकिन्छ कि सकिदैन भन्ने थपिएको छ। हिजो सान्है सजिलो थियो। किनकि असहमति व्यक्त गर्न बढो सहज थियो। त्यो बेला साहस र इमान्दारिता भए पुग्थ्यो। तर अब त्यतिले मात्रै नपुग्ने भयो। अब साहस र इमान्तदारिताको साथसाथै क्षमता पनि चाहिएको छ। क्षमतासँगै आफू अनुकुल वस्तुस्थिति पनि बनाउनु पऱ्यो। अरूको सहयोग नभै भएन। यसकारण हिजोको भन्दा विलकुलै नयाँ पनि छ र थप चुनौति पनि। यसले नै मेरो वास्तविकता परिक्षण पनि गर्ने मैले विश्वास लिएको छु।

**तपाई कांग्रेस भएर पनि कम्युनिष्ट माँझ पनि उत्तिकै प्रिय हुनुहुन्छ ? कसरी यस्तो सम्भव भयो ? अरू कांग्रेसीहरूलाई त कम्युनिष्टहरू फुटेको आँखाले पनि हेर्न सक्दैनन्।**

नेपालको राजनीति अगाडि बढाउने सर्न्दभमा अब हामीले कति कशपार्टी काम गर्न सक्छौं। जति वढि कशपार्टी काम गर्न सक्यो त्यति वढि राष्ट्रिय समस्याहरू समाधान गर्न सहज छ जस्तो मलाई लाग्छ। त्यसैले कम्युनिष्टहरूले पनि मलाई मन पराउछन् भने यसलाई मैले मेरो सवल पक्ष ठान्नु पर्छ। मलाई मात्रै होइन हामीहरू जो नेपालको राजनीतिमा क्रियाशील जति पनि मानिसहरू छौं जति पनि आफ्नो दलसँग सँगै अर्को दलसँग पनि काम गर्न सक्छौं त्यति नै बढि नेपालको राजनीतिक यात्रा सहज हुने हो। अझ यो प्रक्रिया आगामी आठ/दश वर्ष महत्वपूर्ण हुनेछ। जुन शान्ति प्रक्रिया, संविधान लेखन एउटा पार्टीको यात्राबाट मात्रै संभव नै छैन। नेपालको कम्युनिष्ट पार्टीका साथीहरूलाई नेपाली कांग्रेस प्रगतिशील हुनै सक्दैन भन्ने बुझाइ छ। नेपाली कांग्रेसले नेपाल भित्रको अनुदारवादी, यथास्थितिवादी, संकिर्णतावादी सोचको प्रतिनिधित्व गर्छ र अर्थराजनीतिक हिसावले नेपाल भित्रको सामन्तहरूको प्रतिनिधि दल हो भन्ने खालको एउटा जड वुझाइ छ, म त्यो बुझाइसँग सहमत छैन। यही बुझाइलाई मैले प्रस्तुत गर्ने शैली र प्रक्रियाले उनीहरूलाई म फरक लागेको हुनसक्छ र मन पराएका हुनसक्छन्।

**संविधान सभा पछि कांग्रेसको जनाधार कमजोर भएको देखिन्छ। त्यो जनाधारलाई पुनः स्थापना गर्न तपाईको एजेण्डा के छ ?**

वि.सं. २०४६ सालमा नेपाली कांग्रेस त्यती बेला जनआन्दोलनको नेता पनि थियो। त्यसको लगत्तैपछि निर्वाचन भयो। निर्वाचनमा कांग्रेसले एकछत्र मत प्राप्त गऱ्यो। कांग्रेस २०६२/०६३ साल आन्दोलनको पनि नेता थियो। राजनैतिक हिसाबले पनि, प्राविधिक हिसावले पनि कांग्रेस यो समयमा नेता नै थियो। तर, त्यसको लगत्तैपछि भएको निर्वाचनमा हामीले सर्मनाक पराजय ब्यहोर्नु पऱ्यो। यो दुई स्थितिलाई तुलना गरेर मेरो बुझाइ के हो भने पार्टीको व्यवस्थापन, पार्टी भित्रका समस्याहरू आदि इत्यादि सबै सेकेण्डरी कुरा रहेछन्। पहिलो कुरा के रहेछ भने दलप्रतिको आम धारणा के हो ? दलको विचारलाई समाजले कसरी लिएको रहेछ भन्ने महत्वपूर्ण रहेछ। २०४६ सालपछि लगत्तै ०४८ सालको निर्वाचनको बेलामा नेपाली समाजको परिर्वतनको चाहनाको अभिव्यक्ति भनेको कांग्रेस थियो। त्यो वहुदलीय व्यवस्थासँग जोडिएको थियो। प्रजातन्त्रसँग जोडिएको थियो। त्यो समयमा कांग्रेस समाज परिर्वतनको संवाहक थियो।

तर, ०६२/०६३ मा हामी व्यवस्थित थियौं। महाधिवेशन गरिरहेका थियौं। हाम्रो नेता देशको प्रमुख नेता हुनुहुन्थ्यो। तर पनि नेपाल कांग्रेसले हार्नु पऱ्यो। किनभने नेपाली जनताको चेतनामा नयाँ नयाँ योजना र विचारहरू आइसकेका थिए। यसमा कति सही थिए होलान् कति थिएनन् होलान् तर पनि संघीयता, जातीयता, संविधानसभा, उपेक्षित वर्ग जस्ता अनेकौं कुराहरूमा जनताहरूमा चेतना आइसकेको थियो। त्यो चेतनाले नेपाली कांग्रेसलाई नेता मानिरहेको थिएन। जसले गर्दा हामीलाई सबै हिसावले व्यवस्थित हुँदाहुँदै पनि जनताको परिर्वतनको आंकक्षालाई नेतृत्व गर्न सक्छ भन्नेमा विश्वास गर्न सकेनन्। यसकारण अबको मूल कुरा भनेको नेपाली समाजको शान्तिको कामना , सु-व्यवस्था, स्थिरता र संमृद्धिको चाहनालाई जसले सम्बोधन गर्न सक्छ त्यो दल नै प्रतिनिधि दल हुने मैले देखेको छु। त्यसैले मेरो एजेण्डा भनेको नेपाली कांग्रेसलाई अविलम्ब वैचारिक हिसाबले सही ठाउँमा उभ्याउँनु पऱ्यो। कांग्रेसलाई भरोसाको पार्टी बनाउनु पऱ्यो। तर अहिले पनि पार्टीमा सामान्य दैनिकी मात्रै भइरहेको छ। वैचारिक छलफललाई महत्व दिइएको छैन।

**कांग्रेसलाई अव पनि समाजवादी पार्टी देख्नु हुन्छ ?**

समाजवाद एकदमै व्यापक र वृहत विषय पनि हो। नेपाली कांग्रेसले समाजवादलाई आफ्नो आर्दश पनि भन्छ, सिद्धान्त पनि भन्छ। आर्दशको रूपमा समाजवाद सधैं रहन सक्छ। नेपाली कांग्रेसमा ठूलो कमजोरी के रह्यो भने, समाजवादलाई हामीले कहीले नारा बनायौं, कहिले कार्यक्रम भन्यौं। कहिले आर्दश, कहिले सिद्धान्त भन्यौ। यी सबै कुराहरू फरक फरक कुराहरू हुन्। तर विधानमा घोषित रूपमा यो नै हो भनेर व्याख्या गरिएको छैन। यसकारण हामीले आफ्नो हिसावले व्याख्या गर्न सक्छौं। समाजवादी हो कि होइन भनेर नाप्ने कसीको व्याख्या नै गरिएको छैन। त्यसैले कांग्रेसले आफू उभ्भिने ठाउँको सही स्थान बनाइसकेपछि मात्रै कांग्रेसको कार्यक्रम कति समाजवादी भए कति भएनन् भन्ने कुराको लेखाजोखा गर्न सक्छौं। हैन भने हामीहरूले एकमुष्ट रूपमा दस्तावेजमा हामीले समाजवादी भनिरहेकै छौं। तर त्यो हो कि हैन भन्ने कुराको नापमापन यन्त्र हामीले नबनाइ सकेपछि हामीले जे भन्यो त्यही नै अन्तिम हुन्छ।

## बीजीडब्लुएसको दसैं भव्यतापूर्वक सम्पन्न



फानबरो/ब्रिटिस गोर्खा वेलफेयर सोसाइटी (बीजीडब्लुएस) को दसैं (कालरात्री) कार्यक्रम भव्यताका साथ फानबरो वर्क फर्म कम्युनिटी स्कूल हलमा गत शनिवार १६ अक्टोवरका दिन सम्पन्न भयो। बीजीडब्लुएसको स्थापना कालदेखि नै प्रत्येक वर्ष पल्टने काइदामा नै संस्थाले कालरात्री मनाउँदै आएको छ।

संस्थाका महासचिव क्षत्रबहादुर राई र वयोबृद्ध गणेशबहादुर गुरूङले संयुक्त रूपमा दीप प्रज्वलन गरी कार्यक्रमको सुरूवात गर्नु भएको सो कार्यक्रममा पी.आर.प्रकाश गुरूङले संस्थाको तर्फबाट दसैंको शुभकामना व्यक्त गर्नु भयो। अध्यक्ष देवान नेपाल भएकाले उहाँको दसैं शुभकामना पनि गुरूङले नै पढेर सुनाउनु भएको थियो।

विभिन्न स्कूलमा अध्ययनरत नानीहरूले अति नै रोचक नाचहरू प्रस्तुत गरे। सुरज गुरूङले स्व. नारायण गोपालको मार्मिक गीत गाई एक क्षण सबैलाई भावुक बनाए भने मिस यूके नेपाल २०१० का प्रतिनिधिहरूले सनसनीपूर्ण नाचहरू प्रस्तुत गरी सबैलाई मोहित बनाए। सन्ध्या गुरूङले पनि 'लाली गुराँस अजम्वरी....' गीतमा एकल नृत्य गरी निकै ताली बटुलिन्। प्रकाश गुरूङको 'डरै डरको जिन्दगी' शिर्षक कविता पनि सुन्न लायकको थियो। सांस्कृतिक कार्यक्रम उपलव्ध गराउनेद्वय सोम राना र योगेन बहादुर क्षेत्री विशेष धन्यवादका पात्र बने। उक्त दिनलाई सफल बनाउन कार्यक्रम सञ्चालिका श्रीमती गोमा राना, सजीसजावटमा कुमार गुरूङ र अन्य साथीहरू, मुख्य द्वारमा मद्दत पुऱ्याउने चिजबहादुर गुरूङ, कर्ण राना, वालाराम राई र नारायण गुरूङ त्यस्तैगरी युवराज गुरूङ, दूतप्रसाद पुन, धन गुरूङ, रामधन राईको भूमिका उल्लेखनीय थियो।

कार्यक्रम संयोजक क्षत्रबहादुर राई निकै प्रसन्न देखिनुहुन्थ्यो। ६०० जनाको हाराहारीको जमघटलाई खाना र पेय पदार्थ वाईबीसीले बन्दोबस्त गरेका थिए। फोटो ग्राफर मिलन तमु पनि अति नै व्यस्त देखिन्थे। सहभागी सम्पूर्ण कलाकारहरूले निशुल्क मनोरञ्जन दिलाइदिएकोमा आयोजक समिति र संस्थाले आभार व्यक्त गरेका थिए।

## सैनिकले मनाए दसैं

**सुमन गैरे**



अल्डरसट/बेलायत को विभिन्न पल्टनमा कार्यरत ब्रिटिस गोर्खा सैनिकहरूले सांस्कृतिक र धार्मिक दृष्टिकोणले महत्वपूर्ण मानिने बडा दसैं भव्य रूपमा मनाएका छन्।

सैनिकहरूले दसैंको अवधिभर दुर्गापूजा गरेर, सांस्कृतिक कार्यक्रमको आयोजना गरी, नेपाली खाना र नेपाली पोशाकमा सजिएर दसैं भव्य रूपमा सम्पन्न गरेका हुन्। गोर्खा पल्टन अन्तर्गत गोर्खा कम्पनी सिताङ्ग स्यान्र्डसमा कार्यरत ब्रिटिस गोर्खा सैनिकले विशेष कार्यक्रमको आयोजना गरि दसैं मनाए।

क्याम्पभित्रै स्थापना गरिएको मन्दिरमा घटस्थापनादेखि दशमीसम्म नवदुर्गाको पूजा गरियो। पूजा अवधिभर सात जना सैनिकहरूले शाकहारी भोजन ग्रहण गरेर पूजापाठमा सहभागी भएको पूजा टिमका प्रमुख हिसबहादुर थापाले जानकारी दिए। पण्डित कमल लुइँटेलबाट पूजापाठ गराइएको कार्यक्रममा अष्टमीको राति कालरात्री पूजा सम्पन्न गरिएको थियो। राती १२ बजे एकैसाथ पूजापाठ, कुविण्डो काट्ने, बत्ती निभाउने र गोली पड्काउने दृश्य निकै रोचक देखियो। बेलायतमा पशुबलि दिने चलन नभएकोले कुविण्डो काटिएको हो। भैरव पूजा, नवकन्या पूजा, र नौमती बाजागाजा सहितको रौनकताले सैनिक परिवारमा खुसियालीको सीमा थिएन। त्यसैगरी विविध सांस्कृतिक कार्यक्रम र रात्रीभोजमा पनि रमे सैनिक र सैनिक परिवारजन। सांस्कृतिक कार्यक्रममा विभिन्न नेपाली लोक संस्कृति झल्काउने लोक नृत्य तथा नाचगान प्रस्तुत गरिएको थियो। सो अवसरमा मेजर शिवकुमार लिम्बूले दसैंको शुभकामना सन्देश सुनाएका थिए। दसैं कार्यक्रम सम्पन्न गर्नको लागि दश हजार पाउण्ड बजेट बिनियोजन गरिएको दसैं कार्यक्रम संयोजक क्याप्टेन त्रिलोचन गुरूङले जानकारी दिए। गुरूङका अनुसार दुई हजार पाउण्ड कमाण्डीङ फण्डबाट र अन्य रकम गोर्खा सिताङ्ग कम्पनीको कोषबाट जम्मा गरिएको थियो।

त्यसैगरी अल्डरसट, ब्रेकन, क्याट्रिक, फोक्सटन, योर्कसायर लगायतका ठाउँहरूमा कार्यरत करीव तीन हजार ब्रिटिस गोर्खा सैनिक र तीनका परिवारजनले धुमधामसँग दसैं मनाएका छन्। ब्रुनाईमा रहेका सय भन्दा बढी सैनिक र परिवारले पनि दसैं मनाए। दशमीको दिन परम्पराअनुसार मान्यजनबाट टीका र जमरा ग्रहण गर्ने चलन छ। दसैं मनाउनको लागि ब्रिटिस गोर्खा सैनिकले तीन दिनसम्म बिदा पाएको जानकारी दिएका छन्।


# हार्दिक श्रद्धाञ्जली



जन्म : वि.सं. १९८६ बैशाख १८
खोटाङ, कसेरी

स्वर्गारोहण : वि.सं. २०६७ अशोज २२
काठमाडौं

**स्वर्गीय श्रीमती पर्वत कुमारी राई**

यस वोकिङ नेपाली समाज सेवा बेलायतका अध्यक्ष श्री भगवान चाम्लिङज्यूको पुजनीय माता श्रीमती पर्वत कुमार राईज्यूको यही २०६७ अशोज २२ गते (८ अक्टोबर २०१०) का दिन ८१ वर्षको उमेरमा असामयिक निधन भएकोमा वहाँको दिवंगत आत्माको चीर शान्तिको कामना गर्दै हार्दिक श्रद्धाञ्जली अर्पण गर्दछौं। साथै अध्यक्ष भगवान चाम्लिङज्यू र वहाँको सम्पूर्ण शोक सन्तप्त परिवारजनहरूमा यस दुखद घडीमा ईश्वरले धैर्यधारण गर्ने शक्ति प्रदान गरून् भनी प्रार्थना गर्दै हार्दिक समवेदना प्रकट गर्दछौं।

Woking Nepalese Community UK • Estd 2006 • वोकिङ नेपाली समाज सेवा-यूके

**वोकिङ नेपाली समाज सेवा बेलायत**



Kaman & Co.
*Chartered Certified Accountant & Business Advisor*

- Tax Return, Tax Refund Claim
- Accountancy & Book Keeping
- Personal & Business Tax
- Business Advisory Services
- Business Plan & Forecast
- VAT
- Solicitors Accounts
- Management Accounts
- Company Formation
- Payroll Service

Director
**Kaman Singh Waiba**
FCCA, Diploma Oxford

**Westmead House,**
Westmead, Farnborough,
Hampshire, GU14 7LP
Tel: 0203 1708 275
Tel: 0790 3360 589 (Mob)

**Email is : info@kamanco.co.uk,** www.kamanco.co.uk
Open 6 days a week (Mon-Sat). We will lookafter you wherever you are in the UK

***Free initial consultation***

*Kaman & Co. is trading name for Kaman Professional Services Ltd. registered in England and Wales no. 6757345.*